# बेलबारी नगरपालिका
BELBARI MUNICIPALITY
# नगर कार्यपालिकाको कार्यालय
**OFFICE OF MUNICIPAL EXECUTIVE**

बेलबारी, मोरङ

BELBARI, MORANG

१ नं प्रदेश नेपाल

## अपाङ्गता सहायता सहजकर्ता पदका लागि दरखास्त आह्वान गरिएको सूचना ।

प्रकाशित मितिः- २०७९/१०/०४

यस बेलबारी नगरपालिकामा अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक पर्ने सम्पूर्ण सूचना तथा परामर्श सेवा प्रदान गर्नका लागि स्थापना गरिने अपाङ्गता सहायता कक्षका लागि प्रतिशपर्धात्मक परीक्षाद्धारा करार सेवामा १ जना अपाङ्गता सहायता सहजकर्ता पदपूर्ति गर्नुपर्ने भएकाले आवश्यक न्यूनतम योग्यता पुगेका इच्छुक योग्य नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिएको छ । यसका लागि तोकिएको दरखास्त फाराममा भर्नुपर्ने सम्पूर्ण विवरण भरी पासपोर्ट साइजको फोटो १ प्रति टाँस गरी सो का साथ आफ्नो नेपाली नागरिकता, अपाङ्गता परिचय-पत्र र दरखास्त दिने पदको लागि तोकिएको अन्तिम शैक्षिक योग्यताको प्रमाण-पत्रको ट्रान्सकृप्ट, चारित्रिक प्रमाण-पत्र, परीक्षा दस्तुर तिरेको राजस्व भौचरको अर्धकट्टी तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सो को साथमा त्रिभूवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरिएको प्रमाण-पत्र समेत सम्लग्न राखी यस बेलबारी नगरपालिकाको कार्यालय समक्ष पेश गर्नु पर्नेछ । रित नपुगेको, तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाएका दरखास्त उपर कुनै कारवाही हुने छैन । साथै प्रचलित कानुन बमोजिम अयोग्य ठहरिने उमेद्धारहरुको दरखास्त उपर कुनै कारबाही हुने छैन । झुट्टा विवरण उल्लेख गरी दरखास्त फारम भरेमा सो को जवाफदेही दरखास्तवाला स्वयं हुनु पर्नेछ ।

१. **विज्ञापन नम्बर** :- ०४/२०७९/०८०

२. **पद** :- अपाङ्गता सहायता सहजकर्ता (अपाङ्गता भएको व्यक्ति मात्रै)

३. **मागसंख्या** :-१ (एक) जना

४. **सेवाको किसिम** :- करार सेवा,

५. **दरखास्त बुझाउने अन्तिम मिति** :- २०७९/१०/१८ कार्यालय सयम भित्र (विज्ञापन भएको मिति देखि १५ दिन भित्र),

६. **उमेद्वार छनौट विधि** :- प्रत्यक्ष मौखिक अन्तरवार्ता तथा अन्य विविध पक्षको मूल्याङ्कन साथै स्थानीय तहमा अपाङ्गता सहायता कक्ष सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ बमोजिम ।

७. **दरखास्त फाराम प्राप्त गर्ने र बुझाउनुपर्ने स्थान** :- बेलबारी नगरपालिकाको कार्यालय,

८. **परीक्षा दस्तुर** :-रु ३००। -(तीनसय मात्र),

९. **परीक्षा दस्तुर बुझाउने प्रक्रिया** :- राजस्व तिरेको भौचर फारामसाथ पेश गर्नु पर्नेछ ।

१०. **परीक्षा सञ्चालन हुने मिति,समय र स्थान** :- दरखास्त फारम भर्ने अन्तिम म्याद सकिएको २ दिनभित्र बेलबारी नगरपालिकाको सूचना पाटीमा टाँस गरिनेछ । साथै वेबसाइटमा प्रकाशित गरिने छ ।

# बेलबारी नगरपालिका
BELBARI MUNICIPALITY
# नगर कार्यपालिकाको कार्यालय
**OFFICE OF MUNICIPAL EXECUTIVE**
बेलबारी, मोरङ
BELBARI, MORANG
१ नं प्रदेश नेपाल


११. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार सहजकर्ता छनौट तथा सिफारिस समितिमा निहित रहनेछ ।

१२. **मासिक तलब:** रु २२,०००।–

१३. **आवश्यक न्यूनतम योग्यता :**

क) नेपाली नागरिक ।

ख) अपाङ्गता भएका व्यक्ति । (परिचय-पत्र भएको)

ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट+२ वा सो सरह उत्तीर्ण गरेको ।

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

ङ) अपाङ्गता सम्बन्धी काम गर्ने सरकारी तथा गैरसरकारी संघ संस्थामा काम गरेको अनुभव भएको, कम्प्युटर सम्बन्धी तालिम लिएको, बहिरा नागरिकका लागी साङ्केतिक भाषा दोभासे तालिम प्राप्त गरेको, स्थानीय अपाङ्गता भएको महिलालाई विशेष प्राथमिकता दिइनेछ ।

थप जानकारीका लागि महिला तथा बालबालिका शाखा ।

प्रमुख प्रशासकीय अधिकृत

**गणेशराज कार्की**
**प्रमुख प्रशासकीय अधिकृत**